## परिचयात्मक

संयुक्त राष्ट्संघको स्थापना पश्चात मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन कार्यान्वयन गर्नको लागि संयुक्त राष्ट्संघको महासभाले मानव अधिकार कानुन र सो सम्वन्धि विभिन्न प्रकारका संयन्त्रहरुको विकास गर्दै आइरहेको छ । राष्ट्संघका सदस्य राष्ट्रहरुलाई बढि जिम्वेवार र उत्तरदायी बनाउने एवं मानव अधिकार प्रतिको प्रतिवद्धताहरुको पालना गराउने उदेश्यका साथ संयुक्त राष्ट्संघ महासभाको २००६ मार्च १५ (तदनुसार वि.सं. २०६२ चैत्र २ गते) को प्रस्तवना नं. ६०/२५१ मार्फत मानव अधिकार परिषदको स्थापनासँगै नयाँ मानव अधिकार संयन्त्रको रुपमा विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review-UPR) को व्यवस्था गरिएको हो । यसरी स्थापित संयन्त्रलाई मानवअधिकार परिषद्को १८ जून २००७ (२०६४ आषाढ ४) गतेको प्रस्ताव नं. ५/१ ले अझ बढि व्यापक पारेको छ । यूपीआरमा संयुक्त राष्ट्संघका १९२ वटा सदस्य राष्ट्रहरुको प्रत्येक चार वर्षमा आवधिक रुपमा मानवअधिकार प्रतिको उत्तरदायित्व, प्रतिवद्धता र चुनौतीका साथै यि राष्ट्रहरुले मानवअधिकार को क्षेत्रमा गरेका प्रगति र सुधारका निम्ति गरिनुपर्ने आवश्यक पहलहरुको समेत पुनरावलोकन गर्ने काम हुन्छ । विश्वव्यापी मानवअधिकार समीक्षा मार्फत मानवअधिकार परिषद्मा प्रत्येक सदस्य राष्ट्ले मानवअधिकारप्रति व्यक्त गरेका प्रतिवद्धता र उत्तरदायित्वहरुको पालना गरेको छ कि छैन भनी वस्तुपरक र विश्वसनीय सूचनाहरुका आधारमा समीक्षा हुने गर्दछ । यूपीआरको समीक्षा हुने सम्वन्धित राष्ट्को पूर्ण संलग्नतामा र सो राष्ट्को क्षमता अभिबृद्धिको आवश्यकतालाई समेत मध्यनजर राख्दै अन्तर्क्रियात्मक सम्वादमा आधारित एक सहयोगी संयन्त्र हो । मानवअधिकार सम्वन्धी विभिन्न महासन्धि तथा सन्धिहरुको पक्ष राष्ट्को हैसियतले सन्धिजनित निकायहरुमा विभिन्न सन्धिअर्न्तगत आवधिकरुपमा पेश गर्नु पर्ने राष्ट्रिय प्रतिवेदनहरुको नक्कलको रुपमा नभई पूरकको रुपमा यूपीआरले काम गर्दछ ।

## यूपीआरका आधारहरु

कुनै पनि राष्ट्को समीक्षाको आधारको रुपमा संयुक्त राष्ट्संघको बडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, सम्वन्धित राष्ट् राज्यपक्ष भएका मानवअधिकार सम्वन्धी संयन्त्रहरु, मानवअधिकार परिषद्का उच्चस्तर ीय बैठकहरुमा व्यक्त मन्तव्यहरु, तथा भएको निर्णय राज्यपक्षद्वारा व्यक्त गरिएका स्वेच्छिक प्रतिवद्धताहरु र सम्वन्धित राष्ट्को हकमा प्रयोगमा आउन सक्ने अन्तर्राष्ट्रिय मानवीय कानूनहरु रहेका हुन्छन् ।

## यूपीआरको विश्वव्यापकता

- संयुक्त राष्ट्संघका हरेक सदस्य राष्ट्रहरुलाई समीक्षाको लागि पालैपालो छानिन्छ। हरेक सदस्य राष्ट्को सम्वन्धमा प्रत्येक ४ वर्षमा अनिवार्यरुपमा समीक्षा गरिन्छ ,
- सम्वन्धित राष्ट्रहरु राज्यपक्ष भएका सन्धिहरुको सन्धिजनित निकायमा पेश गर्नु पर्ने आवधिक प्रतिवेदनहरु समयमा नबुझाई एकैपल्ट धेरै प्रतिवेदनहरु पेश गर्न सकिन्छ तर विश्वव्यापी आवधिक समीक्षामा सो अवसर प्राप्त हुँदैन,
- मानवअधिकार परिषद्का सदस्य राष्ट्रहरु र पर्यवक्षेक राष्ट्रहरुको समेत यूपीआर प्रक्रियामा सहभागी रहन्छ,
- विश्वव्यापी आवधिक समीक्षा यूपीआरअन्तर्गत समीक्षाको लागि राष्ट्रहरुको छनौटमा भौगोलिक आधारलाई समेत ख्याल गरिएको हुन्छ ।

## यूपीआरको उद्देश्य

- सवै प्रकारका असमानता र भेदभावको अन्त्य गर्ने,
- सवैको लागि मानव अधिकारको अवस्थामा अभिबृद्धि गर्ने,
- सदस्य राष्ट्रहरुको सरकारलाई मानव अधिकार प्रतिको उत्तरदायीत्व र प्रतिवद्धताहरुको पालनको लागि दवाव सिर्जना गर्ने र राज्यहरुको क्षमता अभिबृद्धि गर्ने,
- राष्ट्रहरुले गरेका सकारात्मक विकास र भोग्नु परेका समस्याहरुको समिक्षा गर्ने,
- राष्ट्रहरु र सरोकारवालाहरु वीच भएका राम्रा प्रयासहरुको अनुभवको आदनप्रदान गर्ने,
- मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा समन्वय र सहकार्यको लागि सहयोग गर्ने ।

## यूपीआर र नेपाल

मानवअधिकारको अवस्थाको सम्वन्धमा संयुक्त राष्ट्संघका १९२ वटै सदस्य राष्ट्रहरुको आवधिकरुपमा समीक्षा गर्ने मानवअधिकार परिषद्अन्तर्गतको एक संयन्त्र यूपीआरमा नेपाल पनि सदस्य राष्ट्को हैसियतले समीक्षा हुनु अनिवार्य छ । यसअनुसार आगामी सन् २०११ मा नेपालको समीक्षा हुने पालो परेको छ । सन् २०११ को फेव्रुवरी महिनामा यूपीआरको कार्यगत समूहमा नेपालको समीक्षा हुँदैछ ।। सो समीक्षा पश्चातको दस्तावेजका निष्कर्ष र सिफारिसहरु सहितको प्रतिवेदन मानवअधिकार परिषद्को जून २०११ को बैठकमा पेश हुनेछ । सो बमोजिम नेपालको तर्फबाट राष्ट्रिय प्रतिवेदन पेश गर्नु पर्दछ ।

## यूपीआर प्रक्रिया र सरकारको भूमिका

यूपीआरमा पेश गरिने तीनवटा दस्तावेजहरुमा राष्ट्रिय प्रतिवेदन पनि एक हो । नेपाल सरकारले पठाउनु पर्ने दस्तावेजको तयारीको सिलसिलामा सरकारले बृहतरुपमा सम्वन्धित पक्षहरुसँग छलफल तथा परामर्श गर्नु पर्दछ । उक्त क्रममा सरकारले राष्ट्रिय मानवअधिकार आयोगलगायत मानवअधिकारसम्वन्धी राष्ट्रिय संयन्त्रहरु, मानवअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संघ संस्थाहरु, नागरिक समाज, सरकारका विभिन्न अंग तथा निकायहरुसँग बृहत्तरुपमा छलफल तथा पर ामर्श गरी मानवअधिकारको वास्तविक अवस्था समावेश हुने प्रतिवेदन तयार गरी पेश गर्नु पर्दछ । नेपाल सरकारको तर्फबाट पेश हुने राष्ट्रिय प्रतिवेदन २० पेज भन्दा बढिको हुनु हुँदैन । यूपीआरको प्रक्रियामा सरकारको भूमिका प्रमुख रहेको हुन्छ । यूपीआर प्रक्रियाको चरण पार गरि सकेपछि पारित गरिएको प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरुको इमान्दार ीका साथ पालना गरिनु पर्दछ । सो प्रक्रियामा परिषद्का सदस्य तथा अन्य पर्यवेक्षक राष्ट्रहरुले दिएका सुझाव तथा सिफारिसहरुलाई स्वीकार गर्ने वा नगर्ने पूर्णअधिकार सरकारलाई हुनेछ ।

## यूपीआर र राष्ट्रिय मानव अधिकार आयोग

मानवअधिकारको संरक्षण, सम्वर्द्धन तथा यसको प्रभावकारी कार्यान्वयन गर्ने उदेश्यले मानव अधिकार आयोग ऐन, २०५३ द्वारा स्थापना भै नेपालको अन्तरिम संविधान, २०६३ अनुसार संवैधानिक निकायको रुपमा परिणत भएको राष्ट्रिय मानव अधिकार आयोगको युपीआर प्रक्रियामा महत्वपुर्ण भुमिका निर्वाह गर्न सक्तछ । राज्य पक्ष भएका विभिन्न सन्धिहरुको सम्वन्धमा राज्यले सम्वन्धित सन्धिजनित निकायहरुमा पेश गर्ने आवधिक राष्ट्रिय प्रतिवेदनहरुमा आवश्यक सुचनाहरु संलग्न गर्नको लागि संवैधानिक अधिकार अन्तर्गत सरकारलाई सुझाव दिनु आयोगको प्रमुख कर्तव्य मध्ये एक हो । जसले गर्दा युपीआर प्रक्रियामा समाविष्ट हुने प्रतिवेदनहरुमा समेत सहि र वास्तविक सुचनाहरु समाविष्ट हुन सक्तछ ।

राष्ट्रिय मानव अधिकार आयोगले देशको मानवअधिकारको अवस्थाबारे स्वतन्त्र, विश्वसनिय र अध्यावधिक सुचनाहरु संकलन गरी युपीआरको र ाष्ट्रिय प्रतिवेदन तयारीको सम्वन्धमा सरकारलाई सुचना दिने वा आफ्नो छुट्टै प्रतिवेदन पेश गर्न सक्तछ ।

## यूपीआर प्रक्रियामा आयोगले खेल्न सक्ने भूमिका

### क) प्रतिवेदन तयारीको अवस्थामा

- राज्यको तर्फबाट पेश गरिने राष्ट्रिय प्रतिवेदन तयारीको सम्वनधमा सम्पन्न गरिने परामर्श एवं छलफल कार्यक्रमहरुमा भाग लिई सूचना प्रदान गर्ने ।
- वास्तविक, भरपर्दो, स्वतन्त्र र अद्यावधिक सूचना संकलन गर्नको लागि अन्य आयोगहरु, नागरिक समाज, मानवअधिकार क्षेत्रमा काम गर्ने गैरसरकारी संघसंस्थाहरु, व्यावसायिक संगठनहरु, अनुसन्धानकर्ताहरु, राज्यका विभिन्न निकाय आदिसँग परामर्श तथा छलफल गरी सूचना संकलन गर्ने ।
- संकलित सूचनाहरु र आयोगका नियमित क्रियाकलापहरुबाट प्राप्त सूचनाहरुको आधारमा आयोगको तर्फबाट छुट्टै प्रतिवेदन तयार गर ी पेश गर्ने
- यूपीआर प्रक्रियाको सम्वन्धमा सरोकारवाला पक्षहरुलाई जानकारी उपलब्ध गराउने तथा क्षमता अभिबृद्धि गर्ने ।

### ख) यूपीआर समीक्षाको चरणमा

- समीक्षाको क्रममा कार्यगत समूहको अन्तर्क्रियात्क संवादमा पर्यवेक्षकको रुपमा सहभागी हुने ।
- मानवअधिकार परिषद्बाट अन्तिम प्रतिवेदन पारित हुनुपूर्व सामान्य टिप्पणी प्रदान गर्ने ।
- समीक्षाको क्रममा उठेका सवाल तथा प्रश्नहरुको सम्वन्धमा राज्यलाई पृष्ठपोषण गर्ने ।
- अन्तिम प्रतिवेदनको सम्वन्धमा अनौपचारिक छलफलमा भाग लिने ।

### ग) पारित प्रतिवेदनको पालनाको क्रममा

- यूपीआर प्रक्रियापश्चात मानवअधिकार परिषद्वाट पारित अन्तिम प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरुको पालना गर्न गराउन सर कारलाई सुझाव दिने ।
- प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरुको कार्यान्वयनको अवस्था बारे अनुसन्धान तथा अनुगमन गर्ने ।
- अनुगमन तथा अनुसन्धानबाट प्राप्त सूचनाको आधारमा आवश्यक कार्यहरु गर्न सरकारलाई सचेत गराउने ।
- अन्तिम प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरुको सम्वन्धमा सरोकारवाला पक्षहरुलाई जानकारी दिने ।

उल्लेखित बमोजिमको कार्यहरु सम्पन्न गर्नका लागि आयोगको तर्फबाट आयोगका माननीय सदस्य गौरी प्रधानको संयोजकत्वमा आयोगका सचिव, निर्देशकहरु, क्षेत्रीय निर्देशकहरु र महाशाखा प्रमुखहरु सदस्य रहने गरी एक कमिटीको गठनगरिएको छ। सो समितिले समितिको कार्यक्षेत्र तथा कार्ययोजना निर्धारण गरिसकेको छ । सो कार्ययोजना बमोजिम यूपीआर प्रक्रियाको बारेमा सरोकारवाला पक्षहरुलाई जानकारी दिने तथा सुचना संकलन गर्ने उदेश्यले क्षेत्रीय तथा उपक्षेत्रीय परामर्श गोष्ठिहरु संञ्चालन गर्दैछ । यसका अतिरिक्त राष्ट्रिय प्रतिवेदन तयारीका लागि सरकारलाई आवश्यक सुझाव दिने, अन्य आयोगहरु तथा नागरिक समाज, गैर सरकारी संघ सस्थाहरु आदिसँग बृहत्तररुपमा छलफल तथा परामर्श गर्ने योजना बनाएको छ। राष्ट्रिय मानव अधिकार आयोग सम्वन्धित पक्षहरुलाई मानवअधिकारका सूचनाहरु प्रदान गर्न अनुरोध गर्दछ।

## यूपीआर प्रक्रियामा नागरिक समाज तथा गैरसरकारी संघ संस्थाहरुको भूमिका

- राज्यद्वारा तयार गरिने राष्ट्रिय प्रतिवेदन तयारीको क्रममा बृहत्तररुपमा सहभागी भै सरकारलाई सुझाव दिने ।
- राज्य पक्ष भएका सन्धिहरुको सन्धिजनित निकाय र विशेष कार्यविधिहरुमा यूपीआरलाई समेत सहयोग पुग्ने गरी वास्तविक र विश्वसनीय सुझाव तथा सूचना प्रदान गर्ने ।
- यूपीआरसम्वन्धमा विभिन्न परामर्श गोष्ठि तथा छलफलहरु गरी सहि सूचना संकलन गरी सम्वन्धित निकायमा दिने ।
- मानवअधिकार परिषद्द्वारा पारित दस्तावेजको पालना भए नभएको बार ेमा सरकारलाई सचेत गर्ने र जनदवाव दिने ।

यसका अलवा मानवअधिकारका विविध विषयगत क्षेत्रमा काम गरेका गैरसर कारी संघ संस्थाहरुले आफुले काम गरेको क्षेत्र र विषयको वारेमा मात्र पनि सूचना तथा जानकारी प्रदान गर्न सक्तछन् । गैरसरकारी संस्थाको तर्फबाट समेत यूपीआर प्रक्रियामा समाविष्ट हुने गरी प्रतिवेदन तयार गरी संयुक्त राष्ट्संघीय उच्चायुक्तको कार्यालयमा पेश गर्न सक्तछन् ।

## यूपीआरका चरणगत प्रक्रियाहरु

हरेक समीक्षा हुने राष्ट्रहरुले यूपीआरका प्रक्रियामा संलग्न हुँदा निम्न

बमोजिमका चरणहरु पुरा गर्नु पर्दछ ।

### (क) अभिलेखीकरण (Documentation)

समीक्षाहुने राष्ट्रको लागि अभिलेखीकरण प्रथम चरण हो । यस अन्तर्गत र ाज्यका निम्न लिखित दस्तावेजहरुमा रहेको जानकारीहरुको आधारमा समीक्षा हुन्छ ।

### (१) राष्ट्रिय प्रतिवेदन

मानवअधिकार परिषद्मा समीक्षा हुने राष्ट्रले आफ्नो पालोमा राष्ट्रको तर्फबाट एक राष्ट्रिय प्रतिवेदन पेश गर्नु पर्दछ । नागरिक समाज, मानवअधिकार सम्वन्धि राष्ट्रिय संयन्त्रहरु, मानवअधिकार क्षेत्रमा काम गर्ने विभिन्न गैर सरकारी एवं व्यवसायिक संघ संगठनहरु, राज्यका विभिन्न अंगहरु आदिसँग व्यापकरुपमा छलफल गरी राज्यले राष्ट्रिय प्रतिवेदन तयार गर्नु पर्ने हुन्छ । राष्ट्रिय प्रतिवेदनमा सवै प्रकारका मानवअधिकारहरु समाविष्ट भएको हुनु पर्दछ । राष्ट्रिय प्रतिवेदन बढिमा १०,७०० शब्दहरु (२० पृष्ट) को हुनु पर्दछ । यूपीआरको Working Group Session (कार्यगत समूहको सत्र) शुरु हुनुभन्दा १३ हप्ता अगाडी सम्वन्धित निकायमा राष्ट्रिय प्रतिवेदन पेश गरिनु पर्दछ ।

### (२) उच्चायुक्तको कार्यालयद्वारा तयार पारिएको संयुक्त राष्ट्र संघीय संगालो

सन्धिजनित निकायहरुमा सम्वन्धित समीक्षा हुने राष्ट्रले पेशा गरेका विभिन्न आवधिक प्रतिवेदनहरु, विशेष कार्यदेशबाहक र संयुक्त राष्ट्रसंघका अन्य सम्वद्ध आधिकारीक दस्तावेजहरुमा संलग्न गरिएका जानकारीहरुको आधारमा संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालयले बढिमा १० पेजमा (५,३५० शब्दहरुमा) तयार पारेको एक प्रतिवेदन ।

### ३) उच्चायुक्तको कार्यालयद्वारा तयार पारिएको सरोकारवालाहरुको प्रतिवेदनहरुमा आधारित संगालो

समीक्षा हुने राष्ट्रका सरोकारवाला पक्षहरु मानवअधिकार सम्वन्धी राष्ट्रिय संयन्त्रहरु, मानवअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संघ संस्थाहरु एवं नागरिक समाजका प्रतिनिधिहरुले पनि राज्यको मानवअधिकारको अवस्थावारे संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयमा पेश गरेका प्रतिवेदनहरुको आधारमा उच्चायुक्तको कार्यालयले बढिमा १० पेजमा (५,३५० शब्दहरुमा) तयार पारेको एक प्रतिवेदन ।

### (ख) अन्तर्क्रियात्मक संवाद

विश्वव्यापी आवधिक समीक्षाका चरणहरुमध्ये यो चरण महत्वपूर्ण हो । माथि उल्लेख गरिएका तीन वटा प्रतिवेदनहरुको सम्वन्धमा विश्वव्यापी आवधिक समीक्षा सम्वन्धी कार्य समूहमा राज्यहरुको समीक्षा गर्ने गरिन्छ । मानवअधिकार परिषद्का अध्यक्षको अध्यक्षतामा परिषद्का ४७ वटा सदस्य राष्ट्रहरु एवं पर्यवेक्षक राष्ट्रहरुको उपस्थितिमा यो प्रक्रिया सम्पन्न हुन्छ । मानव अधिकार परिषदको हरेक बर्ष दुई हप्ताको तीनवटा सत्रहरु सम्पन्न हुन्छन । हरेक सत्रमा १६ वटा गरी बार्षिक ४८ बटा र ाष्ट्रहरुको एक वर्षमा समिक्षा हुन्छ । यस चरणमा समिक्षा हुने राज्य र परि



षदका सदस्य तथा पर्यवेक्षक राष्ट्रहरको वीचमा ३ घण्टाको अर्न्तक्रियात्मक सम्वाद हुन्छ । ३ घण्टा मध्य २ घण्टाको समय परिसदका सदस्य तथा पर्यवेक्षक राष्ट्रहरुलाई समिक्षा हुने राष्ट्रसंग प्रश्न तथा सिफारिसहरु गर्नको लागि छुट्टाईएको हुन्छ भने बाँकी एक घण्टाको समय समिक्षा हुने राष्ट्रलाई सम्वादको क्रममा उठेका प्रश्नहरु एवं सिफारिसहरुको जवाफ दिन, आफ्नो प्रतिवेदन प्रस्तुत गर्न र अन्त्यमा निष्कर्षहरु राख्नको लागि छुट्टाईएको हुन्छ ।

समिक्षाहुने राष्ट्रको समिक्षाको चरणलाई सहजीकरण गर्नको लागि मानव अधिकार परिषदका सदस्यहरु मध्यबाट तीनजनाको समाधिक्षेकहरुको एउटा समुह गठन गरिएको हुन्छ । जसलाई ट्रोईका भनिन्छ । ट्रोईकाका ३ जना सदस्यहरु संयुक्त राष्ट्रसंघद्वारा निर्धारण गरिएका छुट्टाछुट्टै क्षेत्रीय समुहबाट प्रतिनिधित्व हुने गरी छनौट गरिएको हुन्छ । ट्रोईकाले समिक्षा हुने राष्ट्रहरुको सम्वन्धमा अग्रिम प्रश्नहरुसमेत संकलन गरी सचिवालय मार्फत सम्वन्धित राष्ट्रहरुमा पठाउने कार्य समेत गर्दछ । कार्यसमुहको अर्न्तक्रिया सम्वादमा यो समुहको कुनै भुमिका हृदैन । यसले प्रतिवेदन तयार गर्ने कार्य समेत गर्दछ ।

### (ग) समीक्षा अन्तर्गतको राज्यसम्वन्धी कार्य समूहको निष्कर्ष दस्तावेज

समीक्षा हुने राज्यको अन्तर्क्रियात्मक सम्वादपश्चात ट्रोइका अन्तर्गतका समाधीक्षकहरुले सचिवालयको सहायतामा समीक्षा अन्तर्गतको राज्यको पूर्ण सहाभागितामा समीक्षासम्वन्धी निष्कर्ष दस्तावेज तयार गर्दछन् । उक्त दस्तावेजमा विचार विमर्श गर्न र त्यसलाई पारित गर्न समीक्षा र संशोधन भएको राष्ट्रलाई समीक्षा भएको ४८ घण्टामा नबढाई ३० मिनेटको समय दिइएको हुन्छ । आफ्ना कुराहरुमा सुधार गर्न राज्यहरुलाई दुई हप्ताको समय दिई प्रतिवेदन आन्तरिक रुपमा पारित गरिन्छ ।

निष्कर्ष दस्तावेजका सिफारिसहरु तथा निष्कर्षहरु माथि सहमति वा असहमति जनाउन (कार्यसमूहको बैठकमा, कार्यसमूहको बैठक र परिषद्को आगामी सत्र वीचको समयमा र दस्तावेज पारित गर्न बस्ने परिषदको बैठकमा) समीक्षा हुने राष्ट्रलाई अवसर प्रदान गरिएको हुन्छ ।

### घ) अन्तिम दस्तावेज

माथि उल्लेख गरिएको चरणपश्चात समीक्षा हुने राष्ट्रको निष्कर्ष दस्तावेजका निष्कर्ष र सिफारिसहरुलाई अन्तिम रुप दिई औपचारिकरुपमा पारित गर्न मानवअधिकार परिषद्मा पठाइएको हुन्छ । उक्त दस्तावेज माथि परिषद्को नियमित बैठकमा एक घण्टाको समय दिएर विचार विमर्श गरी पारित गरिन्छ । अत: यसरी मानवअधिकार परिषद्द्वारा पारित गरिएको अन्तिम प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरुको कार्यान्वयन गरिनु समीक्षा हुने हरेक राष्ट्रको कर्तव्य हुन्छ ।




## राष्ट्रिय मानवअधिकार आयोग

**केन्द्रीय कार्यालय**

हरिहरभवन, ललितपुर, पो.ब.नं. ९१८२
फोन नं. ०१-५०१००१५, हटलाईन ९७७-०१-२१११११
फ्याक्स नं. ०१-५५४७९७३, ईमेल : nhrc@nhrcnepal.org

**क्षेत्रीय कार्यालय, बिराटनगर**

बरगाछी, पो.ब.नं १८७ फोन नं. ०२१-४६१९३१, ४६१०९३
फ्याक्स नं. ०२१-४६११००, ईमेल : nhrcbrt@nhrcnepal.org

**क्षेत्रीय कार्यालय, जनकपुर**

जनकपुरधाम, धनुषा पो.ब.नं ५०, फोन नं. ०२१-५२७८११,
५२७८१२ फ्याक्स नं. ०२१-४६११००,
ईमेल : nhrcjnk@nhrcnepal.org

**क्षेत्रीय कार्यालय, पोखरा**

जनप्रियमार्ग, पो.ब.नं ७२, फोन नं. ०६१-४६२८११,
४६३८२२ फ्याक्स नं. ०६१-४६५०४२,
ईमेल : nhrcpkr@nhrcnepal.org

**क्षेत्रीय कार्यालय, नेपालगञ्ज**

शान्तिनगर, पो.ब.नं. २५, फोन नं. ०८१-५२६७०७,
५२६७०८ फ्याक्स नं. ०८१-५२६७०६,
ईमेल : nhrcnpj@nhrcnepal.org

**क्षेत्रीय कार्यालय, धनगढी**

उत्तर बेहडी, फोन नं. ०९१-५२५६२१,
५२५६२२ फ्याक्स नं. ०९१-५२५६२३,
ईमेल : nhrcdhn@nhrcnepal.org

**उपक्षेत्रीय कार्यालयहरु**

खोटाङ्ग, दिक्देल फोन नं. ०३६-४२०२८४
जुम्ला, खलङ्गगा, फोन नं. ०८७-५२०२२२
रुपन्देही, बुटवल, फोन. नं.०७१-५४६९११

**Email : upr@nhrcnepal.org**

**www.nhrcnepal.org**




# विश्वव्यापी आवधिक समीक्षा

## (Universal Periodic Review)



## राष्ट्रिय मानवअधिकार आयोग